ओमसतिया गाउँपालिकाको सत्रौं गाउँसभामा २०८२ साल आषाढ ०८ गते आइतबारका दिन गाउँपालिका उपाध्यक्ष श्री सुनिता चौधरीज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२/०८३ को
# वजेट वक्तव्य

ओमसतिया गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हाटीफर्सीटिकर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**गाउँसभाका सभाध्यक्षज्यू,**

**सभा सदस्य ज्यूहरु,**

**सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,**

**सञ्चारकर्मी, पत्रकार तथा सुरक्षाकर्मी साथीहरु ।**

ओमसतिया गाउँपालिकाको आ.व. २०८२/८३ को सत्रौं गाउँसभाको समुद्घाटन समारोहका आदरणीय अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुमा ओमसतिया गाउँपालिका र मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको यस ओमसतिया गाउँपालिकाको सत्रौं गाउँसभाको अवसरमा सर्वप्रथम देश र जनताको हितका लागि आफ्नो अमूल्य जीवनको आहुति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहीदका परिवारहरुप्रति हार्दिक समवेदना तथा सम्मान प्रकट गर्दछु। साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

"**ओमसतियाको शानः सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान**" को मुल नारालाई साकार पार्न विकास निर्माण र गाउँपालिकाको समृद्धिको लागि महत्वपूर्ण भूमिका खेल्नुहुने सबै वर्ग र क्षेत्रका महानुभावहरुको उत्तिकै योगदान रहेको कुरा अवगत गराउँदै सबैप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

**सभाध्यक्ष महोदय,**

ओमसतिया गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माण गर्नुपर्ने भएको हुनाले प्राप्त बजेटको ठुलो हिस्सा उक्त भवन निर्माणको लागि विनियोजन गर्दा वडाहरुमा जाने बजेटको आकार गत चालु आ.ब. भन्दा केही घटेको छ। गाउँपालिकामा उपलब्ध स्रोत साधनको कमी र क्रमागतरुपमा सञ्चालनमा रहेका र प्रस्तावित बजेट प्रयाप्त नहुँदा चालु आ.ब. २०८१/८२ मा सम्पन्न भएका कतिपय योजनाहरुको भुक्तानी दायित्व वहन गर्नुपर्ने भएको छ। क्रमिक रुपमा जनताको मागहरु अत्याधिक हुने र सिमित श्रोत साधनका कारण माग बमोजिमका योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गर्न

नसकेको अवस्था सृजना भएकोले निश्चित मापदण्डका आधारमा योजनाहरु प्राथमिकिकरण गरी छनोट गर्नुपर्ने बाध्यता हाम्रो सामु रहेको छ।

**सभाध्यक्ष महोदय,**

**आगामी आ.ब. २०८२/८३ को योजना तर्जुमा गर्दा तपसिलका प्राथमिकिकरणका आधार तय गरेको छु। उक्त आधारहरु प्रस्तुत गर्न अनुमती चाहन्छु।**

- आगामी २ बर्ष भित्र गाउँपालिकाको प्रशासकीय भवन निर्माण गरी सेवाप्रवाहलाई सुदृढ र व्यवस्थित गर्ने।
- संघ तथा प्रदेश सरकारबाट अनुमानित बजेट भन्दा कम निकासा प्राप्त भई चालु आर्थिक बर्षमा सम्झौता गरी सम्पन्न भएका तर भुक्तानी दिन बाँकी रहेका योजनाहरु।
- शिक्षा क्षेत्रलाइ गुणस्तरीय र प्रभावकारी बनाउन विद्यालयको भौतिक अवस्था सुधार हुने तथा शैक्षिक गुणस्तर अभिबृद्धि हुने योजना तथा क्रियाकलापहरु।
- रोजगारी र स्वरोजगारीका अवसर सृजना गर्न कृषकलाई प्रविधिमैत्री बनाउने खालका योजनाहरु।
- लागत साझेदारी र प्रत्यक्ष जनसहभागिता जुटाउने खालका योजनाहरु।
- आवधिक योजनाले परिलक्षित गरेका योजना तथा कार्यक्रमहरु।
- स्थान बिशेषको संस्कृती र पहिचान पर्वद्धन गर्ने, दीगो विकास, वातावरण संरक्षण र प्राकृतिक विपद् व्यवस्थापनमा योगदान पुर्याउने, बजारमा पहुँच बृद्धि गर्न सघाउ पुर्याउने जस्ता योजनाहरु सञ्चालन गर्ने।
- गरीवि न्यूनिकरण, रोजगारी सृजना र आयआर्जन बृद्धिमा प्रत्यक्ष योगदान पुर्याउने।
- जनस्वास्थ्य र उपचारात्मक स्वास्थ्यको साथै स्वास्थ्य सुरक्षा तथा स्वास्थ्य क्षेत्रको सवलिकरण हुने।
- वातावरणमैत्री एवं जलबायु परिवर्तन अनुकुल मैत्री योजनाहरु।
- युवा तथा खेलकुद क्षेत्रको प्रवर्धन गरी गाउँपालिकाको आत्मसम्मानमा बृद्धि हुने खालका योजनाहरु।
- संघीय सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई थप टेवा दिने खालका योजनाहरु।

**सभाध्यक्ष महोदय,**

**अव म यहाँहरु समक्ष "ओमसतियाको शानः सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान "** भन्ने मुल नाराका साथ प्रस्ताव गरिएको चालु आ.ब. २०८१/८२ को हालसम्मको कार्यक्रम कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु।

**चालु आ.ब. २०८१/८२ को हालसम्मको यथार्थ संक्षिप्त आय विवरण यसप्रकार छ।**

- चालु आर्थिक वर्षको आषाढ पहिलो हप्तासम्म सङ्घीय सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान तर्फ रु. १२ करोड ६६ लाख अनुमान गरेकोमा रु. ११ करोड १४ लाख ८८ हजार ४ सय अर्थात ९१.६४ प्रतिशत मात्र प्राप्त भएको छ। चालु आ.व मा ८.३६ प्रतिशत रकम प्राप्त नहुने देखिन्छ।
- संघीय सरकार विशेष अनुदान तर्फ रु. १ करोड अनुमान गरेकोमा रु. २४ लाख ३७ हजार ८ सय ३२ रुपैया अर्थात २४.३८ प्रतिशत मात्र प्राप्त भएको छ।
- संघीय सरकार सशर्त अनुदान तर्फका आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि रु. १६ करोड ६० लाख ६० हजार ८ सय ५० रुपैया प्राप्त भएको छ।
- प्रदेश सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान तर्फ रु. ८३ लाख ३५ हजार प्राप्त भएको छ।
- प्रदेश सरकार सशर्त अनुदान तर्फ रु. ७२ लाख अनुमान गरेकोमा रु. ६७ लाख २९ हजार ५ सय ६४ रुपैया प्राप्त भएको छ।
- प्रदेश सरकार समपुरक अनुदान तर्फ रु. ७० लाख अनुमान गरेकोमा रु. २३ लाख १० हजार प्राप्त भएको छ।
- प्रदेश सरकार विशेष अनुदान तर्फ रु. २० लाख अनुमान गरेकोमा रु. ६ लाख ६० हजार रुपैया प्राप्त भएको छ।
- बाँडफाँडबाट प्राप्त राजश्व अन्तर्गत संघीय सरकारबाट रु. ७ करोड १२ लाख ८६ हजार १ सय ६१ रुपैया ८८ पैसा प्राप्त भएको छ।
- प्रदेश सरकारबाट रु. १ करोड ६९ लाख १५ हजार ९ सय ३१ रुपैया ६५ पैसा प्राप्त भएको छ।
- मालपोत बाँडफाँडबाट रु. १ करोड ५० लाख अनुमान गरेकोमा रु. १ करोड १९ लाख ६५ हजार रुपैया प्राप्त भएको छ।

- गाउँपालिकाको आन्तरीक श्रोत तर्फ रु. ३ करोड ५९ लाख अनुमान गरेकोमा रु. ३ करोड २२ लाख मात्र प्राप्त भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

**चालु आ.ब. २०८१/८२ को हालसम्मको यथार्थ संक्षिप्त खर्च विवरण यसप्रकार छ।**

- चालु आर्थिक वर्षमा यस गाउँपालिकाको चालु खर्च शिर्षकमा रु. ३२ करोड ४३ लाख ३३ हजार बिनियोजन भएकोमा २०८२ आषाढ पहिलो हप्तासम्म रु. २४ करोड ५२ लाख ९६ हजार ३ सय ७६ रुपैया अर्थात ७५.६३ प्रतिशत र पूँजिगत खर्च शिर्षकमा रु. १७ करोड ६९ लाख ६५ हजार बिनियोजन भएकोमा रु. ८ करोड ८६ लाख ६० हजार ६ सय ४१ रुपैया अर्थात ५०.१० प्रतिशत गरी कुल खर्च रु. ३३ करोड ३९ लाख ५७ हजार १७ रुपैया अर्थात ६६.६१ प्रतिशत खर्च भएको व्यहोरा यस गरीमामय सभालाई जानकारी गराउन चाहन्छु।

**गरिमामय सभाका सभाध्यक्ष ज्यू,**

अब म गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८२/८३ को बजेटको उद्देश्य प्रस्तुत गर्दछु।

**उद्देश्यहरू:**

- ओमसतिया गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्य आगामी २ बर्षसम्म सम्पन्न गरी दैनिक प्रशासकीय कार्य सञ्चालन गर्ने।
- उपलब्ध भौतिक तथा प्राकृतिक स्रोत साधन तथा मानविय संशाधनको उचित उपयोग मार्फत कृषि तथा पशु क्षेत्रको व्यवसायिक उत्पादनमा बृद्धि गरी नागरिकको जीवनस्तरमा सुधार गर्ने।
- शिक्षा क्षेत्रमा लगानी वृद्धि गरी सक्षम र क्षमतावान नागरिक तयार गर्न सूचना प्रविधिमा आधारित गुणस्तरिय शिक्षा प्रदान गर्ने।
- स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गरी भरपर्दो र सुरक्षित स्वास्थ्यमा नागरिकको पहुँच विकास गर्ने।
- पुराना र क्रमागत दायित्व भएका योजनाहरुलाई निरन्तरता दिई उचित प्रतिफल दिने योजनाहरु सञ्चालन गर्ने ।

- गाउँपालिकाको सेवाप्रवाहमा नागरिकको पहुँच तथा अपनत्व अभिवृद्धि गर्ने।
- प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन र मितव्ययितामा आधारित गाउँपालिका निर्माण गर्ने।

**सभाध्यक्ष महोदय,**

अब म यस गाउँसभामा आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु।

- नेपालको संबिधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४
- संघीय सरकारका नीति, कार्यक्रम तथा बजेट बक्तव्य
- प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेट बक्तव्य
- ओमसतिया गाउँपालिकाको आवधिक योजना
- ओमसतिया गाउँपालिकाको आर्थिक ऐन, २०८२
- ओमसतिया गाउँपालिकाको गाउँ प्रोफाइल
- ओमसतिया गाउँपालिकाको मध्यमकालिन खर्च संरचना, २०८१
- बस्ती तथा टोल स्तरीय भेला वडा समिति हुँदै सहभागीतामूलक योजना तर्जुमा प्रकियाद्वारा आएका आयोजना तथा कार्यक्रमहरु
- ओमसतिया गाउँपालिका क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौती र बस्तु स्थिति अवस्थाको विश्लेषण।
- विभिन्न सरकारी तथा गैर सरकारी संघ-संस्थाहरुले प्राथमिकताका साथ कार्यान्वयन गर्नको लागि अघि सारेका कार्यक्रमहरु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक बर्ष २०८२/८३ को स्रोत व्यवस्थापन सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु।

- आगामी आर्थिक बर्ष २०८२/८३ का लागि संघीय सरकार अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानिकरण अनुमान तर्फ रु. ११ करोड ६६ लाख, सशर्त

अनुदान तर्फ रु. १६ करोड ५ लाख, समपुरक अनुदान तर्फ रु. ४० लाख अनुदान प्राप्तिको अनुमान गरेको छु।

- प्रदेश सरकार अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानिकरण अनुमान तर्फ रु. ८० लाख ७३ हजार, सशर्त अनुदान तर्फ रु. १ करोड ५५ लाख, समपुरक अनुदान तर्फ रु. ७५ लाख अनुदान प्राप्तिको अनुमान गरेको छु।
- बाँडफाँडबाट प्राप्त राजश्व अन्तर्गत संघीय सरकारबाट रु. ९ करोड ४२ लाख ६४ हजार, प्रदेश सरकारबाट रु. ८७ लाख ७७ हजार र स्थानीय राजश्व बाँडफाँडबाट रु. २ करोड ५० लाख प्राप्तिको अनुमान गरेको छु।
- गाउँपालिकाको आन्तरिक श्रोत तर्फ रु. ३ करोड ७३ लाख गरी कुल जम्मा रु. ४९ करोड २५ लाख १४ हजार राजश्व तथा अनुदान प्राप्तिको अनुमान गरिएको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु।

**आगामी आ.ब. २०८२/८३ को संक्षिप्त अनुमानित खर्च विवरण यस प्रकार छ।**

आगामी आर्थिक वर्षमा यस गाउँपालिकाको चालु खर्च तर्फ रु. ३२ करोड १८ लाख ४१ हजार खर्च अनुमान गरेको छु। जसमा संघीय सरकार सशर्त अनुदान चालु, संघ तथा प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड अनुदान र गाउँपालिकाको आन्तरिक आय समाबेश गरेको छु। त्यसैगरी पूँजिगत खर्च तर्फ रु. १७ करोड ६ लाख ७३ हजार खर्च अनुमान गरेको छु। जसमा संघ तथा प्रदेश सरकार समानीकरण अनुदान र राजश्वको हिस्सा समावेश गरेको छु। यसरी आगामी आ.ब. २०८२/८३ का लागि कुल जम्मा रु. ४९ करोड २५ लाख १४ हजार खर्चको प्रक्षेपण गरेको व्यहोरा यस गरीमामय सभालाई जानकारी गराउन चाहन्छु।

**आदरणिय सभाध्यक्षज्यू,**

अब म आ.ब. २०८२/८३ को क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु।

**१. आर्थिक विकास**

- गाउँपालिकालाई कृषि उत्पादनमा क्रमशः आत्मनिर्भर बनाई गरिबी न्यूनिकरण तथा रोजगारी अभिबृद्धि गर्न कृषि आधुनिकिकरण, विविधिकरण र व्यवसायिकरण मार्फत कृषि

उत्पादकत्व बृद्धि गर्न सिंचित क्षेत्रमा चैते धान प्रर्वद्धन कार्यक्रमलाई निरन्तरता दिँदै संघीय सरकार सशर्त अनुदानबाट रु. १० लाख विनियोजन गरेको छु।

- खाद्यान्न बाली उन्नत गहुँको बीउ ३० प्रतिशत अनुदानमा वितरणका लागि रु. १८ लाख र मागको आधारमा च्याउ बीउ (स्पान तथा पोलिथिङ्ग व्याग) ५०% अनुदानमा वितरणका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु।
- मागका आधारमा व्यवसायिक उन्मुख कृषकहरुलाई लहरे र हिउँदे तरकारी बीउ ७५ प्रतिशत अनुदानमा वितरण गर्न रु. ३ लाख बजेट विनियोजन गरेको छु।
- किसान सूचीकरण कार्यक्रमको निरन्तरताका लागि संघ सरकार सशर्त अनुदानबाट रु. ५ लाख बजेट विनियोजन गरेको छु।
- पशुपंक्षीमा लाग्ने विभिन्न किसिमका सरुवा रोगहरु खोरेत, भ्यागुते, चरचरे, लम्पी स्किन रोग नियन्त्रणका लागि एकमुष्ठ रु. ११ लाख ७० हजार बजेट विनियोजन गरेको छु।
- ५०% अनुदानमा हिउँदे र वर्षे घाँसको बिउ वितरण गर्न रु. ५ लाख ५० हजार विनियोजन गरेको छु साथै पशुपंछिहरुमा आन्तरिक परिजिवी नियन्त्रण कार्यक्रम सञ्चालन र औषधी खरिद तथा वितरणको लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।
- आकस्मिक तथा महामारीजन्य रोग नियन्त्रण तथा सचेतना कार्यक्रमका लागि एकमुष्ठ रु. ५ लाख ३० हजार बजेट विनियोजन गरेको छु।
- गाई भैंसी प्रवद्धन कार्यक्रम सञ्चालनका निमित्त संघीय सरकारबाट सशर्त अनुदानमा रु. ५ लाख बजेट विनियोजन गरेको छु। यससँगै कृषि विकास शाखाको लागि संघीय सरकार सशर्त अनुदान र गाउँपालिकाबाट समेत रु. ५४ लाख ९५ हजार र पशुपंक्षि विकास शाखाको लागि संघीय सरकार सशर्त अनुदान र गाउँपालिकाबाट समेत ५४ लाख विनियोजन गरेको छु।
- साना तथा घरेलु उद्यमीलाई प्रोत्साहन गर्दै नयाँ उद्यमी सिर्जना तथा दक्ष उद्यमीहरुलाइ उपार्जनसँग आवद्ध गरी रोजगारी सिर्जना गर्न उद्यम विकास कार्यक्रम तर्फ एकमुष्ठ रकम रु. १५ लाख विनियोजन गरेको छु।
- गाउँपालिका भित्र रहेका ब्यापार, ब्यवसाय दर्ता तथा नविरकण, घरजग्गा, नक्सापास लगायतका कार्यहरु सञ्चालन गर्नका लागि रु. १२ लाख बजेट विनियोजन गरेको छु।
- गाउँपालिका भित्र दर्ता भई निष्कृयरुपमा रहेका विभिन्न सहकारी समुह तथा फर्महरुलाई नविरकरण तथा नियमन गर्न आवश्यक प्रकिया अवलम्बन गर्ने व्यवस्था मिलाएको छु।

## २. सामाजिक विकास

- आधारभुत तह र माध्यमिक तहका स्वीकृत दरवन्दी, राहत कोटा, बालविकास तथा कार्यालय सहयोगीमा कार्यरत शिक्षक कर्मचारीका लागि संघीय सरकार सशर्त अनुदानबाट एकमुष्ठ तलब भत्ता रु. ७ करोड बजेट विनियोजन गरेको छु।
- कक्षा १ देखि १२ कक्षा सम्मको निशुल्क पाठ्यपुस्तक खरिदका लागि संघीय सरकार सशर्त अनुदानब रु. २३ लाख ५२ हजार विनियोजन गरेको छु।
- कक्षा १ देखि कक्षा ५ सम्मका बिद्यार्थीहरुलाई दिवा खाजाका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ८२ लाख ९१ हजार विनियोजन गरेको छु।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ११ लाख ७० हजार विनियोजन गरेको छु।
- शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ३८ लाख ५० हजार विनियोजन गरेको छु।
- आधारभुत तह कक्षा ६ देखि कक्षा ८ र माध्यमिक कक्षा ९ देखि कक्षा १० मा अंग्रेजी, गणित र विज्ञान बिषयमा शिक्षण सहयोग अनुदानका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ४८ लाख ५२ हजार विनियोजन गरेको छु।
- सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ७ लाख ९३ हजार विनियोजन गरेको छु।
- गा.पा. शिक्षक कर्मचारी, स.का.हरुको तलब लागयत सुविधाका लागि एकमुष्ठ रु. ९४ लाख १३ हजार बजेटको विनियोजन गरेको छु।
- नर्सरी र के.जी. कक्षाको पाठ्यपुस्तक खरिदको लागि रु. ४ लाख विनियोजन गरेको छु।
- पालिका भित्रका माध्यमिक विद्यालय र आधारभुत विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि एकमुष्ठ रु. ५ लाख ८० हजार विनियोजन गरेको छु। यस संगै शिक्षा शाखाको लागि संघीय सरकार सशर्त अनुदान र गाउँपालिकाबाट समेत गरी एकमुष्ठ रु. १२ करोड ६७ लाख विनियोजन गरेको छु।
- मृगौला प्रत्यारोपण र डायलाईसिस गराईरहेका तथा क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार खर्च वापत संघीय सरकार सशर्त अनुदानबाट मासिक रु. ५ हजारका दरले उपलब्ध गराईने रकममा रु. १५ लाख ४० हजार विनियोजन गरेको छु।

- महिला स्वयंमसेविकालाई प्रोत्साहन गर्न पोशाक र यातायात खर्च बापत संघीय सरकार सशर्त अनुदानबाट रु. १७ लाख र गा.पा बाट रु. १८ लाख गरी कुल रु. ३५ लाख रकम विनियोजन गरेको छु।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद तथा ढुवानी कार्यका लागि संघीय सरकार सशर्त अनुदानबाट रु.११ लाख ६५ हजार र गा.पा.बाट रु. २० लाख गरी कुल रु. ३१ लाख ६५ हजार विनियोजन गरेको छु।
- पोषण कार्यक्रम सञ्चालनका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ४ लाख २० हजार विनियोजन गरेको छु।
- मातृ तथा नवशिशु कार्यक्रम सञ्चालनको लागि संघीय सरकार सशर्त अनुदानबाट रु.१२ लाख  ७२ हजार विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थामा आवश्यक औजार, उपकरण तथा ल्याबको केमिकल खरिदका लागि रु. १० लाख विनियोजन गरेको छु।
- म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घर टोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रमको लागु संघीय सरकार सशर्त अनुदान बाट रु ४ लाख ६० हजार विनियोजन गरेको छु।
- निशुल्क रक्तदान सेवाको लागि रु. ५ लाख विनियोजन गरेको छु।यस संगै स्वास्थ्य शाखाको लागि संघीय सरकार र स्थानीय तह बाट एकमुष्ट रु. ४ करोड ६१ लाख रकम विनियोजन गरेको छु।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता, अपाङ्गता परिचय पत्र वितरणको लागि घुम्ती शिविर सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- उपाध्यक्षसँग गर्भवति/सुत्केरी पोषण कार्यक्रमको लागि रु. ५ लाख विनियोजन गरेको छु।
- रोजगारी सृजना कार्यक्रमका लागि संघीय सरकार सशर्त अनुदान तर्फको प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु. १५ लाख  ७२ हजार बजेट विनियोजन गरेको छु।
- जेष्ठ नागरिक तथा बालउद्यान व्यवस्थापन  कार्यका संघीय सरकार सशर्त अनुदानबाट लागि रु. १० लाख विनियोजन गरेको छु।
- कार्यस्थलमा आधारित सीप क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम कार्यक्रमका लागि संघीय सरकार सशर्त अनुदानबाट रु. ९ लाख बजेट विनियोजन गरेको छु।

- सिलाई कटाई तालिम तथा मेशिन वितरण कार्यका लागि रु. ८ लाख विनियोजन गरेको छु।
- उपाध्यक्ष कप महिला भलिबल प्रतियोगिता कार्यक्रमको निरन्तरता दिँदै आवश्यक बजेटको व्यवस्था गरेको छु।
- महिला संस्था तथा समिति, बालक्लब, किशोरी समूह एवं महिला सहकारी संस्थामा आवद्ध महिलाहरुको सशक्तिकरणका लागि विभिन्न अन्तरक्रिया, गोष्ठी, तालीम, सेमिनार, समूह परिचालन जस्ता कार्यक्रम सञ्चालन गर्न र विभिन्न दिवसिय कार्यक्रमहरुका लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- लक्षित, एकल महिला तथा महिला समुहको सीप तथा व्यवसायिक तालिम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- बालबालिकाहरुका लागि लागूपदार्थ दुर्व्यसन सम्बन्धी सचेतना कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

**गाउँसभा सदस्यज्यूहरु,**

अव म पूर्वाधार विकास तर्फका कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।

### ३. पूर्वाधार विकास तर्फ-

- गाउँपालिका देखि ३ वडा कार्यालय हुँदै ठुटिपिपल जोड्ने बाटो निर्माणका लागि प्रदेश सरकार समपूरक अनुदान समेतको साझेदारीमा रु. १ करोड ५० लाख वजेट विनियोजन गरेको छु।साथै ठुटिपिपल चोकदेखि गाउँपालिका जाने सडकमा संघीय सरकारद्वारा विनियोजित बजेट कार्यान्वयनमा पालिकाले आवश्यक सहयोग र समन्वय गरिनेछ।
- वडा नं. ४ को ठुलो बालापुर देखि सानो बालापुर जोड्ने सडक निर्माणका लागि संघीय सरकार समपूरक अनुदान समेतको साझेदारीमा रु. १ करोड बजेट विनियोजन गरेको छु।
- सेवा प्रवाह सहज सरल र प्रभावकारीरुपमा सञ्चालन गर्न प्रशासकीय भवन निर्माण कार्य अगाडि बढाउनको लागि रु. २ करोड विनियोजन गरेको छु साथै सोको ६० प्रतिशत रकम संघीय सरकारबाट ल्याउन पहल गरिनेछ।
- गाउँपालिकाको नामाकरण भएको सतियामाई मन्दिरसम्म पुग्ने पहुँचमा व्यवस्थित गर्नको लागि संघीय सरकारको समन्वयमा आवश्यक व्यवस्था मिलाएको छु।

- ओमसतिया ३ सरस्वती टोलदेखि कब्रस्थानहुँदै कलेज जाने बाटोका लागि प्रदेश सरकार सशर्त अनुदानबाट रु. १५ लाख विनियोजन गरेको छ।
- तरकुल्लादेखि लालपुर जाने सडक कालोपत्रेको लागि प्रदेश सरकार सशर्त अनुदानबाट रु. १५ लाख विनियोजन गरेको छ।
- ओमसतिया २ जितपुर जाने बाटो स्तरोन्नतीका प्रदेश सरकार सशर्त अनुदानबाट रु. १५ लाख विनियोजन गरेको छ।
- ओमसतिया ५ गौरीदेखि लोधपुरवा जाने बाटो कालोपत्रेका लागि प्रदेश सरकार सशर्त अनुदानबाट रु. १५ लाख विनियोजन गरेको छ।
- ओमसतिया ४ मटेरियादेखि लीहरिलीनहर बाटो कालोपत्रेका लागि प्रदेश सरकार सशर्त अनुदानबाट रु. १५ लाख विनियोजन गरेको छ।
- ओमसतिया १ सरस्वती टोलदेखि कब्रस्थानहुँदै कलेज जाने बाटोका लागि प्रदेश सरकार सशर्त अनुदानबाट रु. १५ लाख विनियोजन गरेको छ।
- स्वास्थ्य सेवालाइ प्रभावकारी रुपमा सञ्चालन गर्न बसन्तपुर प्राथमिक स्वास्थ्य केन्द्र ओपिडि भवन निर्माणका लागि प्रदेश सरकार सशर्त अनुदानबाट रु. २५ लाख विनियोजन गरेको छ।
- हाटीफर्साटिकर स्वास्थ्य चौकी निर्माणका लागि प्रदेश सरकार सशर्त अनुदानबाट रु. २५ लाख विनियोजन गरेको छ।
- पटखौली स्वास्थ्य चौकी अधुरो भवन निर्माण तथा बाउण्डरी वाल निर्माणका लागि प्रदेश सरकार सशर्त अनुदानबाट रु. १५ लाख विनियोजन गरेको छ।
- ओमसतिया ४ पननीमा खोपकेन्द्र सुदृढीकरणका लागि लागि प्रदेश सरकार सशर्त अनुदानबाट रु. १५ लाख विनियोजन गरेको छ।
- स्थानीय गौरवका चालु आ.ब. मा विद्युतिय बोलपत्र आब्हान गरी आगामी आ.व मा सम्पन्न गर्ने गरी सम्झौता भएका आयोजनाहरुलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छ।
- संघीय सरकार समपुरक अनुदानबाट संचालित आयोजनाका लागि ६० प्रतिशत र प्रदेश सरकार समपुरक अनुदानबाट संचालित आयोजनाका लागि ५० प्रतिशत बजेट पालिकाले साझेदारी गर्ने व्यवस्था मिलाएको छ।

**सभाका सभाध्यक्ष ज्यू,**

अव म सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फका कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।

**४. सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र-**

- गाउँपालिकाको विकास निर्माणलाइ थप व्यवस्थित बनाउन दोस्रो गाउँ विकास योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- सेवाग्राही सन्तुष्टी सर्वेक्षण, आवधिक वार्षिक प्रगति समिक्षा, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- बेरुजु फछ्र्यौट कार्यलाई प्राथमिकता दिई असुल उपर गर्ने बेरुजु कडाइका साथ असुल उपर गरी संघीय तथा स्थानीय सञ्चित कोषमा दाखिला गर्ने कार्यलाई प्राथमिकतामा राखेको छु। साथै हालसम्मका म.ले.प. प्रतिवेदनहरुले औंल्याएका नियमित गर्नुपर्ने बेरुजु सम्परिक्षणका लागि आवश्यक व्यवस्था मिलाएको छु।

**५. कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ-**

- गाउँकार्यपालिका कार्यालय वा अन्तर्गत वडा कार्यालयमा कार्यरत सम्पुर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीलाई तलब, भत्ता, पोशाक लगायत सेवा सुविधाको लागि रु. ५ करोड ३५ लाख बजेट विनियोजन गरेको छु।
- गाउँकार्यपालिका कार्यालय वडा कार्यालयहरु स्वास्थ्य चौकीहरु दैनिक कार्य सञ्चालन, मर्मत संभार, मसलन्द, कार्यालय सामग्री, बैठक भत्ता तथा इन्धन खर्च लगायतका विविध प्रशासनिक खर्चमा मितव्ययीता अपनाउन बजेट कटौति गरी अति आवश्यक कार्यमा मात्र खर्च गर्न वजेटको व्यवस्था गरेको छु।
- सार्वजनिक प्रशासनलाई चुस्त दुरुस्त, पारदर्शी, सेवामैत्री एवं प्रभावकारी वनाउन आवश्यक वजेटको व्यवस्थापन गरेको छु।

**सभाका सभाध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यूहरु,**

अव म आर्थिक बर्ष २०८२/०८३ को राजश्व परिचालनको नीति तथा कार्य्रक्रम प्रस्तुत गर्न चाहन्छु।

- कृषि तथा पशुपालनजन्य व्यवसायमा राजश्व छुटको व्यवस्था मिलाएको छु साथै महिलाको नाममा रहेको व्यवसायमा लाग्ने करमा विशेष छुटको व्यवस्थालाई निरन्तरता दिएको छु।
- गाउँपालिकाको कर प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवं करदातामैत्री बनाई अधिकतम कर सहभागिता सुनिश्चित गर्न कर शिक्षा कार्यक्रम, अभिलेख अद्यावधिक गर्ने कार्यलाई सहज बनाउन घुम्ति शिविर कार्यक्रमको प्रवन्ध मिलाएको छू।
- उद्योग व्यवसाय (इट्टा, केमिकल, लगायत वातावरणीय प्रदुषण गराउने, खोलानाला, पोखरी, तालतलैया लगायत प्राकृतिक स्रोत) बाट राजश्व उठाउन कर जागरण अभियान सञ्चालन गर्ने र सो बाट उठेको राजश्व मितव्ययी तरिकाले खर्च गर्ने व्यवस्था मिलाएको छु।
- आन्तरिक आय संकलनका प्रमुख स्रोतका रुपमा रहेका खोला, पोखरी, हाटबजारहरुको ठेक्का संचालन कार्यलाई निरन्तरता दिएको छु।
- गाउँपालिकाको उठाउन बाँकि रहेका विभिन्न स्रोतबाट प्राप्त हुने राजश्व रकम तथा बिगतको बक्यौता रकम संकलन गर्ने कार्यलाई प्राथमिकताका साथ सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

**अव म गाउँपालिकाबाट विनियोजित सम्पूर्ण आयोजना तथा कार्यक्रमहरु गरीमामय सभामा प्रस्तुत गर्न चाहन्छु।**

## गा.पा स्तरिय योजना तथा कार्यक्रमहरुः

| **अनिवार्य दायित्व तर्फः** | | | |
|---|---|---|---|
| क्र.सं. | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
| १ | प्रदेश समपुरक तर्फको योजनाका लागि म्याचिङ्ग फण्ड | ७५०००००।०० | ७५ लाख |
| २ | संघीय समपुरक तर्फको योजनाका लागि म्याचिङ्ग फण्ड | ६००००००।०० | ६० लाख |
| ३ | प्रशासनिक भवन निर्माण | २०००००००।०० | २ करोड |
| ४ | आ.ब. २०८२/८३ मा भुक्तानी हुन नसकी दायित्व सर्ने योजनाहरु | २००००००।०० | २० लाख |

| | | | |
|---|---|---|---|
| ५ | बालिका बिमा कार्यक्रम | १५०००००।०० | १५ लाख |
| ६ | ओमसतिया, रोहिणी र देवदहको लागि दमकल सञ्चालन तथा कर्मचारी ब्यवस्थापन खर्च | १००००००।०० | १० लाख |
| ७ | सिद्धार्थ राजमार्गको ६ लेन सडक सौन्दर्यिकरण | १००००००।०० | १० लाख |
| ८ | फोहोरमैला व्यवस्थापन शुल्क | ४००००००।०० | ४० लाख |
| ९ | विपद व्यवस्थापन खर्च | ७०००००।०० | ७ लाख |
| १० | राजश्व/अन्य फिर्ता | १००००००।०० | १० लाख |
| ११ | धार्मिक सांस्कृतिक सहायता तथा काजक्रिया | १७०००००।०० | १७ लाख |

**अध्यक्षबाट प्रस्तावित योजनाहरु**

| **क्र.सं** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | ७० प्रतिशत अनुदानमा कृषि मिटर जडान कार्य | ५०००००।०० | ५ लाख |
| २ | बसन्तपुर दशरथ जनता मा.वि भवन निर्माण | १२०००००।०० | १२ लाख |
| ३ | ठुटिपिपल हाटबजारमा शौचालय निर्माण तथा मर्मत, वडा नं. १ | ५०००००।०० | ५ लाख |
| ४ | लखनचोक दिपक थापाको घरदेखि पूर्व हधुरो बाटो निर्माण, वडा नं. १ | ५०००००।०० | ५ लाख |
| ५ | काजलको घरदेखि तिलोत्तमा सिमा सम्म बाटो किनाराको कुलो निर्माण, वडा नं. १ | ३०००००।०० | ३ लाख |
| ६ | महेन्द्र कार्किको घरदेखि दक्षिण अधुरो बाटो पि.सि.सि, वडा नं. १ | ५०००००।०० | ५ लाख |
| ७ | कटैया शिवशक्ति आमा समुहदेखि दक्षिण सडक बाटो निर्माण, वडा नं. १ | ५०००००।०० | ५ लाख |
| ८ | लक्ष्मि नारायण पथदेखि दुर्गा मन्दिर जाने बाटो निर्माण, वडा नं. २ | ३०००००।०० | ३ लाख |
| ९ | राजेश खड्काको घरदेखि उत्तर बाटो पि.सि.सि, वडा नं. २ | ३०००००।०० | ३ लाख |
| १० | वोद्य पथ अधुरो बाटो ढलान, वडा नं. २ | २०००००।०० | २ लाख |

| | | | |
|---|---|---|---|
| ११ | एकता पथ अधुरो बाटो पि.सि.सि निर्माण, वडा नं. २ | ३०००००।०० | ३ लाख |
| १२ | पानगोडादेखि वडा कार्यालय जाने बाटो कालो पत्रे, वडा नं. २ | ७०००००।०० | ७ लाख |
| १३ | हाटिफर्साटिकरमा अधुरो सामुदायिक भवन निर्माण, वडा नं. ३ | ५०००००।०० | ५ लाख |
| १४ | वौद्ध विहार निर्माण, वडा नं. ३ | ३०००००।०० | ३ लाख |
| १५ | करुवानी डिउहार जाने बाटो पि.सि.सि ढलान, वडा नं. ३ | २०००००।०० | २ लाख |
| १६ | नैडिहवा गाऊ भित्र बाटो निर्माण, वडा नं.३ | ५०००००।०० | ५ लाख |
| १७ | भगवति चौधरीको घरदेखि लालबहादुरको घर सम्म पि.सि.सि ढलान, वडा नं. ४ | ३०००००।०० | ३ लाख |
| १८ | मटेरिया गाउँमा पि.सि.सि ढलान, वडा नं.४ | ३०००००।०० | ३ लाख |
| १९ | जगत गरु पिठमा भौतिक संरचना निर्माण, वडा नं. ४ | ७०००००।०० | ७ लाख |
| २० | शमसानघाट देखि गुजरपुरुवा जाने बाटो निर्माण, वडा नं. ४ | ५०००००।०० | ५ लाख |
| २१ | राजेन्द्र हलवाईको घर देखि बसन्तपुर दशरथ जनता मा.वि जाने बाटो मा नाला तथा बाटो निर्माण, वडा नं. ४ | ५०००००।०० | ५ लाख |
| २२ | रोहिणि खोला झलुङ्गे पुल मर्मत, वडा नं. ५ | ३०००००।०० | ३ लाख |
| २३ | सतियामाई घाटमा सब-दहान स्थल निर्माण, वडा नं. ५ | ५०००००।०० | ५ लाख |
| २४ | सतियामाई मन्दिरमा अधुरो सामुदायिक भवन निर्माण, वडा नं. ५ | १००००००।०० | १० लाख |
| २५ | भेलाई गाउँमा अधुरो शिव मन्दिर निर्माण, वडा नं. ५ | ४०००००।०० | ४ लाख |
| २६ | दिपनगर दरखसवा गाउँमा बाटो निर्माण, वडा नं. ५ | ३०००००।०० | ३ लाख |
| २७ | सिसहनिया बडघरको जग्गादेखि जगदिश रायको बीचमा रहेको कुलोमा कृषि बाटो | १०००००।०० | १ लाख |

| | | | |
|---|---|---|---|
| | निर्माण वडा नं. ५ | | |
| २८ | मझौलि कवरस्थानमा अधुरो वाउन्ड्रि वाल निर्माण, वडा नं. ६ | ३०००००।०० | ३ लाख |
| २९ | शमसेर आ.वि मा भौतिक पूर्वाधार निर्माण, वडा नं. ६ | ३०००००।०० | ३ लाख |
| ३० | जमुहानी पोखरा ताल भौतिक पुर्वाधार वडा नं. ६ | २०००००।०० | २ लाख |
| ३१ | नरैनापुरदेखि वडा कार्यालय जाने बाटो निर्माण, वडा नं. ६ | ५०००००।०० | ५ लाख |
| ३२ | दुर्गा मन्दिर बेलहिया अधुरो भवन निर्माण तथा फर्निचर व्यवस्थापन वडा नं. ६ | ३०००००।०० | ३ लाख |

**उपाध्यक्षबाट प्रस्तावित योजनाहरु:**

| क्र. सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | खुन्सामा डिउहार जाने बाटो पि.सि.सि वडा नं. १ | २०००००।०० | २ लाख |
| २ | दर्शन कल्याण ठकरी समाज कटैया आवश्यक सामाग्री खरिद वडा नं. १ | ५००००।०० | ५ लाख |
| ३ | राजु गुरुङ्गको घर देखि उत्तर जाने बाटो पि.सि.सि फरेना वडा नं. १ | ३०००००।०० | ३ लाख |
| ४ | शिव शक्ति आमा समुह कटैया पुर्वाधार निर्माण तथा व्यवस्थापन वडा नं. १ | ३०००००।०० | ३ लाख |
| ५ | लक्ष्मी श्रेष्ठको घर देखि पूर्व अधुरो नाला निर्माण वडा नं. १ | २०००००।०० | २ लाख |
| ६ | प्रदिप थापा मरासिनिको घर बाट पूर्व पक्कि नाला निर्माण वडा नं. २ | ४०००००।०० | ४ लाख |
| ७ | नेपाल रेडक्रस सोसाईटि भवन निर्माण वडा नं. २ | २०००००।०० | २ लाख |
| ८ | राम प्रसाद पासिको घर जाने बाटो निर्माण वडा नं. २ | २०००००।०० | २ लाख |
| ९ | बडसारी गाउँमा पि.सि.सि ढलान वडा नं. ३ | २५००००।०० | २ लाख ५० हजार |

| | | | |
|---|---|---|---|
| १० | ज्ञानेन्द्र थापाको घर देखि दक्षिण जाने सडक पि.सि.सि वडा नं. ३ | १५०००० ।०० | १ लाख ५० हजार |
| ११ | हरियाली कृषक समुहलाई आवश्यक सामाग्री खरिद वडा नं. ३ | ५०००० ।०० | ५० हजार |
| १२ | दुर्गा मन्दिर निर्माण तरकुलला वडा नं. ३ | ३५०००० ।०० | ३ लाख ५० हजार |
| १३ | बसन्तपुर कालिमाई मन्दिर पि.सि.सि ढलान वडा नं. ४ | ४००००० ।०० | ४ लाख |
| १४ | जगतगुरुपिठ वाउन्ड्रीवाल निर्माण वडा नं. ४ | ४००००० ।०० | ४ लाख |
| १५ | छटघाटदेखि पट्खौलि जाने बाटो निर्माण वडा नं. ५ | ४००००० ।०० | ४ लाख |
| १६ | भेलाई गाउँमा नेट पिच बनाउने वडा नं. ५ | १००००० ।०० | १ लाख |
| १७ | वडा नं. ५ का विभिन्न स्थानमा सडक बत्ति जडान वडा नं. ५ | १००००० ।०० | १ लाख |
| १८ | दिपनग दरखश्वा सडक ग्राभेल वडा नं. ५ | २००००० ।०० | २ लाख |
| १९ | जमुहानी टोल देखि पूर्व जाने कृषि बाटो निर्माण वडा नं.६ | २००००० ।०० | २ लाख |
| २० | हितई टोल फरिष्टरको घर देखि चोक सम्मको पि.सि.सि ढलान वडा नं. ६ | २००००० ।०० | २ लाख |
| २१ | जमुहानी गाउँमा बाटो पि.सि.सि ढलान वडा नं. ६ | १००००० ।०० | १ लाख |
| २२ | वेतवलिया गाउँमा सडक ग्राभेल वडा नं. ६ | २००००० ।०० | २ लाख |
| २३ | शमंशेर प्रा.वि. पूर्वाधार व्यवस्थापन वडा नं.६ | १००००० ।०० | १ लाख |
| २४ | आकस्मिक पूर्वाधार निर्माण गाउँपालकिका विभिन्न स्थानमा | ४५०००० ।०० | ४ लाख ५० हजार |
| २५ | गर्भबति सुत्केरी क्याल्सियम वितरण | ४५०००० ।०० | ४ लाख ५० हजार |
| २६ | उपाध्यक्ष कप भलिवल प्रतियोगिता | ४००००० ।०० | ४ लाख |
| २७ | कृषकलाई ५० प्रतिशत अनुदानमा मोटर पम्पसेट तथा स्प्रे टंक्कि वितरण | ३५०००० ।०० | ३ लाख ५० हजार |

| | | | |
|---|---|---|---|
| २८ | एक समुह एक उद्यमि कृषि औजार वितरण | २५००००।०० | २ लाख ५० हजार |
| २९ | गा.पा का विभिन्न स्थानमा ह्युम पाईप जडान | २०००००।०० | २ लाख |
| ३० | सिचाई वोर र हेन्ड पाई जडान | २०००००।०० | २ लाख |
| ३१ | गृहणी संग उपाध्यक्ष भेटघाट कार्यक्रम | २०००००।०० | २ लाख |
| ३२ | विद्यार्थी संग उपाध्यक्ष भेटघाट कार्यक्रम | २०००००।०० | २ लाख |
| ३३ | आदिवसि जनजाति उत्थान कार्यक्रम | ३५००००।०० | ३ लाख ५० हजार |
| ३४ | विबिन्न दिवसिय कार्यक्रम | २०००००।०० | २ लाख |

| | | | |
|---|---|---|---|
| ३५ | न्यायिक समितिले गरेको असल अभ्यासहरुको अवलोकन गर्न अन्तर स्थानीय तह भ्रमण कार्यक्रम | २०००००।०० | २ लाख |

**वडा स्तरिय योजना तथा कार्यक्रमहरु**

**वडा नं.-१**

| क्र. सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रगती टोल बाटो पिसिसि वडा नं. १ | ५०००००।०० | ५ लाख |
| २ | खुन्सा गाउँमा नाला निर्माण वडा नं. १ | ५०००००।०० | ५ लाख |
| ३ | वडा भित्र बिजुलीको तारमा बत्ती जडान वडा नं. १ | ३०००००।०० | ३ लाख |
| ४ | वडा भित्र बाटो ग्राभेल वडा नं. १ | ३०००००।०० | ३ लाख |
| ५ | वडा भित्र नाला निर्माण वडा नं. १ | ९०००००।०० | ९ लाख |
| ६ | वडा भित्र विभिन्न स्थानमा बाटो पिसिसि वडा नं. १ | १००००००।०० | १० लाख |
| ७ | गंगापुर डिउहार मन्दिर मर्मत वडा नं. १ | ४०००००।०० | ४ लाख |
| ८ | शिवशक्ति आमा समुहको भवन संरचना निर्माण तथा मर्मत वडा नं. १ | ३०००००।०० | ३ लाख |
| ९ | वडा अन्तर्गतका महिलाहरुलाइ सिलाइ कटाइ तालिम वडा नं. १ | २०००००।०० | २ लाख |
| १० | थारु डिउहार मन्दिर संरक्षण समितिको संरचना निर्माण र मर्मत संभार वडा नं. १ | ३०००००।०० | ३ लाख |
| ११ | लक्ष्मण नेपालको घर अगाडीको बाटो पिसिसि वडा नं. १ | १००००००।०० | १० लाख |
